# ज्येष्ठ नागरिक राष्ट्रिय सम्मेलन एवं महासंघको छैटौं महाधिवेशन

## दाङ्ग घोषणा पत्र २०७४ चैत्र १७

धार्मिक एवं पर्यटकिय नगरी दाङ्ग जिल्लाको घोराही स्थित द्रौपधा लक्ष्मनारायण वृद्धाश्रम तेरैटा मा ज्येष्ठ नागरिक राष्ट्रिय सम्मेलन एवं महासंघको छैटौं महाधिवेशन २०७४ चैत्र १७ गते सम्पन्न भयो । महासंघ अन्तर्गत रहेका ६७ जिल्लाका प्रतिनिधि र पर्यवेक्षक गरी जम्मा २५० जनाको सहभागिता रह्यो । दाङ्ग जिल्लामा ज्येष्ठ नागरिकको विषयमा पहिलो पटक आयोजित ज्येष्ठ नागरिक सम्बन्धी सम्मेलनले राज्यले प्रदान गर्ने सेवा सुविधा उपभोग गर्नमा अझ चेतनशील हुनेछन् र सम्पूर्ण जिल्ला प्रतिनिधिहरू आ-आफ्नो हक अधिकार संरक्षण र सम्वर्द्धनमा सशक्त रूपमा क्रियाशिल हुनेछन् । यस महाधिवेशनमा विभिन्न जिल्लाबाट भएको उल्लेख्य सहभागिताले ज्येष्ठ नागरिक राष्ट्रिय सम्मेलन एवं महासंघको छैटौं महाधिवेशन भव्य र सभ्यका साथ सम्पन्न गरि दाङ्ग घोषणा पत्र २०७४ जारी गर्दछ ।

१. नेपालको संविधान, २०७२ को मौलिक हकको धारा ४१ मा व्यवस्था भए अनुसार ज्येष्ठ नागरिकलाई सामाजिक सुरक्षा, हक र अधिकारका सम्बन्धमा अविलम्ब समय सापेक्ष नयाँ ऐन, नियमावली तयार गर्न जरुरी रहेको छ । उक्त ऐन निर्माणमा संघीय नेपालका सबै प्रदेश तथा जिल्लालाई प्रतिनिधित्व गर्दै जिल्ला संघहरूबाट प्राप्त सुझाव समावेश हुने गरि महासंघको संलग्नतामा मस्यौदा तयार गर्न नेपाल सरकार महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयसंग महाधिवेशन जोडदार माग गर्दछ ।

२. **ज्येष्ठ नागरिकहरूको लागि राज्यले दिदै आएको सामाजिक सुरक्षा भत्तालाई उमेर वर्गीकरणको आधारमा देहायबमोजिम निर्धारण गरियोस् । साथै भत्ता वितरणलाई सरलीकृत एवं विद्यमान रहेको दुरुपयोगलाई रोक्न ज्येष्ठ नागरिक जिल्ला संघ समेतको संलग्नता रहने गरि हरेक जिल्लामा एक संयन्त्र निर्माण गरियोस् ।**

- **६० देखी ६५ वर्ष सम्म रू. २०००**
- **६६ देखी ७० वर्ष सम्म रू. ३०००**
- **७१ देखी ८० वर्ष सम्म रू. ४०००**
- **८१ देखी ९९ वर्ष सम्म रू. ५०००**
- **१०० वर्ष भन्दा माथिका सबैलाई रू. १०,०००**

३. ज्येष्ठ नागरिकलाई राज्यले प्रदान गर्ने सेवा सुविधामा कोटाको आधारमा बर्गिकरण नगरि स्पष्ट रूपमा यातायात, स्वास्थ्य लगायत विभिन्न सेवा प्रदायक निकायमा ५० प्रतिशत छुट हुने व्यवस्था मिलाईयोस् ।

४ देशको संघीयता संरचना अनुरुप, सबै प्रादेशिक सरकार, जिल्लाको जिल्ला समन्वय समिति, स्थानीय स्तरको, नगरपालिका तथा गाउपालिकामा आदि सबै निकायमा ज्येष्ठ नागरिक सम्वन्धी संचालित सबै क्रियाकलाप तथा गतिविधिहरूमा राष्ट्रिय ज्येष्ठ नागरिक महासंघ अन्तर्गत प्रदेश संघ तथा जिल्ला संघ र नगरपालिका/गाउपालिका संघको अनिवार्य उपस्थिति र सहकार्यमा मात्र ज्येष्ठ नागरिक सम्वन्धी कार्यक्रम व्यवस्थित तथा प्रभावकारी रूपमा संचालन गर्न सरकारलाई हार्दिक आह्वान गर्दछ ।

५. बाध्यतावश गाउँबाट सहर हुँदै विदेशमा हुने बसाई सराई र बढ्दो वैदेशिक रोजगारीका कारण ज्येष्ठ नागरिकको हेरचाह र पालनपोषणमा चुनौती थपिदै गएको परिप्रेक्ष्यमा परिवारबाट एक्लिएर बसेका ज्येष्ठ नागरिक लक्षित ज्येष्ठ नागरिक संघहरू समक्ष विभिन्न मनोसामाजिक र मनोरञ्जनका कार्यक्रम संचालन गर्न सरकार समक्ष अपिल गर्दछ ।

६. वर्तमान समयमा ज्येष्ठ नागरिकमा बढ्दो एकाकीपन जस्ता समस्यालाई न्यूनीकरण गर्न प्रत्येक गाउपालिका, महानगर र नगरपालिकाहरूमा घर परिवार बिर्साउन सक्ने सुविधा सम्पन्न नमुनाका दिवासेवा केन्द्र स्थापना गर्न महाधिवेशन जोडदार माग गर्दछ ।

७. राष्ट्रिय ज्येष्ठ नागरिक महासंघमा ज्येष्ठ नागरिकको सम्वन्धी समग्र सूचना, तथ्यांक प्रकाशन एवं साहित्यहरूको व्यवस्थापन तथा वितरणको लागी स्रोत केन्द्रको स्थापना गर्न महाधिवेशन जोडदार माग गर्दछ ।

८. नेपालको सबै प्रदेशलाई समेट्ने गरि ज्येष्ठ नागरिकको वास्तविक अवस्थाबारे खोज तथा अनुसन्धान तथा अनुगमन गर्न सरकार समक्ष अपिल गर्दछ ।

**९. ज्येष्ठ नागरिकको हक अधिकारलाई अन्तर्राष्ट्रिय रूपमा सुनिश्चित गर्न अन्तर्राष्ट्रिय महासन्धि–International Convention On the Rights of Older Persons(ICROP) निर्माण गर्न जरुरी छ । ज्येष्ठ नागरिकको लागि (ICROP) निर्माण गर्न नेपाल सरकार लगायत सरोकारवाला निकायले पनि संयुक्त राष्ट्र संघ माथि विशेष रूपमा दवाब दिन महाधिवेशन जोडदार आह्वान गर्दछ ।**

१०. मनोरम सुन्दर नगरि दाङमा आयोजित ज्येष्ठ नागरिक सम्मेलन एवं छैटौं महाधिवेशन भव्यतासाथ सफल पारिएकोमा छैटौं महाधिवेशन ज्येष्ठ नागरिक जिल्ला संघ, दाङलाई हार्दिक धन्यवाद व्यक्त गर्दछ । साथै स्थानीय स्तरमा कार्यक्रमलाई सहयोग पुऱ्याउने दाङका सम्पूर्ण निकायहरूलाई धन्यवाद व्यक्त गर्दछ ।

यसका लागि समन्वयकारी भूमिका निर्वाह गर्न यो महाधिवेशन आधिकारिक रुपले अगाडि बढ्नको लागि राष्ट्रिय ज्येष्ठ नागरिक महासंघलाई आह्वान गर्दछ ।

२०७४ चैत्र १३